STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ६ गते आइतबार ❑ 20 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## भयरहित निर्वाचन गर्न सबै प्रतिबद्ध हुनुपर्छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ५ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न सबै प्रतिबद्ध हुनुपर्ने बताउनुभएको छ ।

उहाँले शनिबार काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकाको पोखरी नारायणस्थानमा नवनिर्मित प्रशासकीय भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै निर्वाचनलाई सबै पक्षले निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । "देश अहिले स्थानीय तहको निर्वाचनको सङ्घारमा छ, निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न सबै प्रतिबद्ध हुनु आवश्यक छ", उहाँले भन्नुभयो । प्रम देउवाले जनप्रतिनिधिले जनसवालका काम मात्र गरेर नहुने भएकाले काममा पारदर्शिता, गुणस्तरीयता, जवाफदेहिता र जनताको अपनत्व पनि सुनिश्चित गर्नसमेत आवश्यक रहेको बताउनुभयो । उहाँले थप्नुभयो, "त्यसतर्फ ध्यान दिन म गाउँपालिकाका सबै पदाधिकारीहरूलाई आग्रह गर्छु ।" मुलुकमा तीन तहको सङ्घीय शासनप्रणाली लागू भएसँगै संविधानले स्थानीय तहलाई विकास निर्माण र सेवा प्रवाहको क्षेत्रमा विभिन्न महत्वपूर्ण अधिकार र जिम्मेवारी प्रदान गरेको उहाँको धारणा थियो । प्रम देउवाले नागरिकको नजिकको सरकार भनेकै स्थानीय तह भएकाले यस सरकारसँग अपेक्षा हुनु स्वाधाविक रहेको उल्लेख गर्नुभयो । "सीमित स्रोत-साधानका बाबजुद स्थानीय सरकारले जनताको अपेक्षा र भावनाबमोजिमको काम सम्पन्न गरेर जनताप्रतिको आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्न सक्नुपर्दछ", उहाँले भन्नुभयो । प्रधानमन्त्री देउवाले स्थानीय सरकारले गरेका काम र प्रदान गरेको सेवा सुविधाको प्रभाव जनतामा प्रत्यक्ष र छिटो पर्ने हुँदा जनताको काम छिटो-छरितो ढङ्गले बिना कुनै 'मरमोलाहिजा' सम्पन्न गरी आम नागरिकमा सुशासनको प्रत्याभूति गराउनु स्थानीय तहको मुख्य कर्तव्य रहेको बताउनभयो । यसअघि प्रम देउवाले तेमाल गाउँपालिका-५ पोखरी नारायणस्थानस्थित एकै स्थानमा निर्मित स्वयम्भु, बौद्ध, नमोबुद्ध स्तुपाको उद्घाटनसमेत गर्नुभएको थियो । नेपाली कांग्रेसका जिल्ला सभापति तीर्थ लामा, नेकपा (माओवादी केन्द्र)का जिल्ला इन्चार्ज सूर्यमान दोङ, नेपाली कांग्रेस तेमाल गाउँपालिका सभापति ज्ञानबहादुर लामाले गाउँपालिकाले जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरेको बताउनुभएको थियो ।

## विश्वको सर्वाधिक खुसी देश फिनल्यान्ड, दक्षिण एसियामा नेपाल

**रासस**
**काठमाडौं, ५ चैत**

संयुक्त राष्ट्रसङ्घले विश्व खुसी प्रतिवेदन सार्वजनिक गरेको छ ।

शुक्रबार सार्वजनिक गरिएको उक्त प्रतिवेदनका अनुसार यो वर्ष पनि फिनल्यान्ड सर्वाधिक खुसी राष्ट्का रूपमा सूचीकृत भएको छ । लगातार पाँच वर्षदेखि उक्त देश सर्वाधिक खुसी राष्ट्को सूचीमा परेको छ ।

दक्षिण एसियाली मुलुकमा नेपाल ८५औं स्थानमा रहेको छ भने भारत १३६औं स्थानमा पुगेको छ । गत वर्ष भारत १३९औं स्थानमा थियो । दक्षिण एसियाका खुसी देशको सूचीमा बङ्गलादेश ९९औं र पाकिस्तान १०३औं नम्बरमा पुगेको छ ।

सूचीअनुसार चीन नेपालभन्दा तीन स्थानमाथि अर्थात् ८२औं नम्बरमा रहेको छ । अफगानिस्तानलाई दक्षिण एसियाको दुःखी देशका रूपमा प्रतिवेदनमा चित्रण गरिएको छ । फिनल्यान्डपछि डेनमार्क, आइसल्यान्ड, स्विटजरल्यान्ड, नेदरल्यान्ड्स, लक्जेम्बर्ग, स्विडेन, नर्वे, इजरायल, न्युजिल्यान्ड र अस्ट्रिया सर्वाधिक खुसी राष्ट्का रूपमा सूचीकृत भएका छन् ।

## पार्टीलाई बलियो बनाउनुपर्छ : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**दमौली, ५ चैत**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टीलाई बलियो र सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

नेकपा एकीकृत समाजवादी तनहुँले आज आँबुखैरेनीमा आयोजना गरेको पालिकास्तरीय भेलालाई सम्बोधन गर्दै अध्यक्ष नेपालले पार्टीमा जनताको आकर्षण बढेकाले यसलाई कायम राख्नुपर्ने बताउनुभयो ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई लक्षित गरी गाउँ गाउँ पुगेर पार्टीका बारेमा प्रचार गर्न अध्यक्ष नेपालले आग्रह गर्नुभयो । उहाँले पार्टीलाई असल कम्युनिष्ट पार्टी बनाउने एकमात्र लक्ष्य रहेकाले सोही लक्ष्यमा हिंड्न सबैलाई अनुरोध गर्नुभयो । अध्यक्ष नेपालले तनहुँ क्षेत्र नम्बर १ बाट निर्वाचित श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र डोटीबाट निर्वाचित पर्यटन, संस्कृति तथा नागरिक उड्डयमन्त्री प्रेम आले नेकपा एमालेमा फर्किने चर्चा हल्लामात्रै रहेको स्पष्ट पार्नुभयो । "उहाँहरू एमालेमा फर्किने भनेर भ्रम फैलाइएको छ, त्यस्तो भ्रमबाट विचलित हुनुपर्दैन," नेपालले भन्नुभयो ।

## 'एक घर, एक धारा' प्रदेश सरकारको नीति : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**तनहुँ ५ चैत**

गण्डकी प्रदेशका वन वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले 'एक घर, एक धारा' प्रदेश सरकारको अभियान रहेको बताउनुभएको छ ।

साविक जामुने-८ हाल म्याग्देगाउँपालिका-२ लिफ्ट भ्यालगैह्रा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको आज उद्घाटन गर्दै मन्त्री थापाले नागरिकलाई स्वच्छ पानी उपलब्ध गराउन प्रदेश सरकारले नीति नै बनाएर अघि बढेको बताउनुभयो ।

"भोलिका दिनमा हामी रहुँलानरहुँला तर हामीले बनाएका नीतिअनुरूप निरन्तर काम गर्ने व्यवस्था मिलाइएको छ", उहाँले भन्नुभयो । मन्त्री थापाले पानी लिफ्टिङका लागि विद्युतीकरणका लागि आवश्यक पहलकदमी भइरहेकाले निराश नहुन आश्वसन दिनुभयो । कार्यक्रममा नेकपा (एमाले)का जिल्ला अध्यक्ष श्रीप्रसाद श्रेष्ठले वडास्तरीय सबै राजनीतिक दल, उपभोक्तावासीको सक्रिय भूमिका रहेका कारण आयोजना सम्पन्न गर्न सहयोग मिलेको बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य शम्भु अधिकारीले देशमा लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै विकास निर्माणका कार्यले गति लिएको उहाँले बताउनुभयो । सङ्घीय सरकारको रु एक करोड ४६ लाख ४९ हजार ५४९, प्रदेश सरकारको रु ४० लाख ८७ हजार ५६, सोलार क्षेत्र तारबारको लागि रु तीन लाख ४२ हजार १६८ र स्थानीय श्रमदान रु ६० लाख २५ हजार ६०६ गरी कूल रु दुई करोड ५१ लाख २४ हजार ३३२ को लागतमा उक्त आयोजना सम्पन्न भएको हो ।

## खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्षमा दिननाथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**




नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्षमा दिननाथ बराल निर्वाचित भएका छन् ।

मञ्चको शनिवार पोखरामा सम्पन्न दोस्रो अधिवेशनले दिननाथलाई निर्वाचित गरेको हो । निवर्तमान उपाध्यक्ष रञ्जन अधिकारीसंग भएको चुनावी भिडन्तमा २९ मत प्राप्त गरी दिननाथ विजयी बने । उनका प्रतिष्पर्धी रञ्जनले २० मत प्राप्त गरेका थिए । अधिवेशन अन्तर्गत नै भएको अन्य पदमा भने सर्वसम्मत भएको थियो । मञ्चको उपाध्यक्षमा सुरज श्रेष्ठ, महासचिवमा राजाराम पौडेल, सचिवमा शसी कुमार पौडेल, कोषाध्यक्षमा कविता घर्ती मगर सर्वसम्मत निर्वाचित भएका थिए भने अन्य कार्यसमिती पदमा समेत सर्वसम्मत निर्वाचित भएका छन् । कार्यसमितीमा नवनिर्वाचित सदस्यमा नारायण शाही, उमेश पुन, दिपकराज मुल्मी, एमवी आस्था मगर र राजु गिरी रहेका छन् । यस अघि मञ्चको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनको उद्घाटन गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले गरेका थिए ।

## सृजना कप सामुदायीक मावि छात्र/छात्रा भलिबल प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा ५ चैत**



सृजना कप सामुदायीक मावि छात्र/छात्रा भलिबल प्रतियोगिता शुरु भएको छ । कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्र सिमलचौर पोखराको संयुक्त आयोजनामा शनिबारदेखि शुरु भएको प्रतियोगिताको पहिलो दिन १६ खेल सम्पन्न भएका छन् । प्रतियोगिता अन्तर्गत शनिबार छात्रतर्फ १३ र छात्रातर्फ ३ खेल सम्पन्न भएका हुन् ।


प्रतियोगिता अन्तर्गत शनिबार छात्रतर्फ पहिलो चरणका ८ र दोश्रो चरणका ५ खेल सम्पन्न भए । पहिलो चरण अन्तर्गत भएको खेलमा जनप्रिय माविले तालवाराही माविलाई २५-१९ र २५-१५, भविष्य निर्माण माविले लक्ष्मी माविलाई ३१-२९ र २५-१४, राष्ट्रिय माविले अमरसिंह माविलाई २५-१४ र २५-१८, गोगन माविले छोरेपाटन माविलाई २६-२४ र २५-१४, ईन्द्रराज्य लक्ष्मी माविले भवानी कालिका माविलाई २५-२० र २५-२२, ईन्द्रराज्य माविकै अर्को टिमले विन्ध्यबासिनी माविलाई २५-१९ र २८-२, कालिका माविले वाराही माविलाई २५-१९ र २५-२२ र भद्रकाली माविले राष्ट्रिय मावि (बी)लाई २५-२२ र २५-२३ को सोझो सेटमा पराजित गर्दै दोश्रो चरण प्रवेश गरे । त्यस्तै शनिबारै भएको छात्रतर्फको दोश्रो चरणको खेलमा गोगन माविले छोरेपाटन माविलाई २५-१४ र २६-२४, ईन्द्रराज्यलक्ष्मी माविले भवानी कालिका माविलाई २५-१७ र २५-२२, शान्ता माविले जनप्रकाश माविलाई २५-१७ र २५-१४ र विन्ध्यबासिनी माविले तालवाराही माविलाई २५-१७ र २५-१९ को सोझो सेटमा पराजित गर्दै क्वाटरफाइनल यात्रा तय गरे । अर्को खेलमा गौरीशंकर मनेलाल माविले जनप्रकाश माविलाई वाल्कओभर दियो ।

यसैगरी, शनिबारै भएको छात्रातर्फको खेलमा कन्या माविले ईन्द्रराज्य माविलाई २५-२०, २३-२५ र २५-१७ तथा लक्ष्मी माविले राष्ट्रिय माविलाई २५-६ र २५-१६ को सेटमा पराजित गऱ्यो । अर्को खेलमा भने कालिका माविले भद्रकाली माविलाई वाल्कओभर दियो ।

प्रतियोगिता अन्तर्गत दोश्रो दिन आईतबार छात्रातर्फ शान्ता मावि र कन्या मावि, जनप्रिय मावि र लक्ष्मी मावि, विन्ध्यबासिनी मावि र तालवाराही मावि तथा भद्रकाली मावि र अमरसिंह माविबीच प्रतिष्पर्धा हुनेछ । त्यस्तै छात्रतर्फ शान्ता मावि र राष्ट्रिय मावि, भविष्य निर्माण मावि र ईन्द्रराज्य लक्ष्मी मावि, मेश्रम वराह मावि र गोगन मावि तथा महेन्द्र मावि र जनप्रकाश माविबीच प्रतिष्पर्धा हुनेछ । यसअघी 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्का लागि खेलकुद' भन्ने नाराका साथ चैत ७ गतेसम्म हुने प्रतियोगिताको गण्डकी प्रदेशकी उपसभामुख सृजना शर्माले उद्घाटन गरेकी थिईन् । उनले खेलकुदको विकास र बिस्तार गर्न तीनै तहको सरकार लागि पर्नुपर्ने बताईन् । आयोजक सृजना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेलले प्रतियोगिताले विद्यालय स्तरबाटै भलिबल खेलको विकास गर्न सघाउने बताए । उनले भलिबल खेलकुदको विकास र बिस्तारका लागि सृजना विकास केन्द्र सदैव लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

कास्की जिल्ला भलिबल संघका अध्यक्ष भीम पराजुलीले भलिबलको जग मानिने सामुदायिक विद्यालयमा भलिबल खेलमा पुर्नजागरण ल्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । प्रतियोगिताले खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने उनको भनाई छ । 'हामीलाई विश्वास छ, प्रतियोगिताले सामुदायिक विद्यालयमा खस्किएको भलिबल उकास्न भूमिका खेल्नेछ ।'

प्रतियोगितामा कास्कीका सामुदायिक (सरकारी) विद्यालयहरुका कक्षा ९ देखि कक्षा १२ सम्मका विद्यार्थीहरु सम्मिलित टिमहरुको सहभागिता छ । प्रतियोगितामा उपाधि बिजेता छात्र/छात्रा दुबै तर्फकालाई एक/एक लाख, उपबिजेतालाई ५०/५० हजार र तृतीय हुने विद्यालयलाई ३०/३० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी छात्र तथा छात्रालाई जनही ५/५ हजारसहित ट्रफी तथा अन्य उत्कृष्ट स्पाइकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट सेटर, उत्कृष्ट सर्भर र उत्कृष्ट ब्लकरलाई १/१ थान भलिबल प्रदान गरिने अध्यक्ष पराजुलीले जानकारी दिए ।



# पोखरा भाडाँ व्यावसायी सघंको १५ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा ५ चैत**

पोखरा भाडाँ व्याबसायी सघं कास्कीको १५ औ साधारण सभा सम्पन्न भएको छ।

सघंको साधारण सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेपाल उधोग बाणिज्य सघंका पुर्व अध्यक्ष आन्नदराज मुल्मीले करको नाममा सरकारले व्यावसायीहरुलाई आतङ्कित पार्ने काम गरेको आरोप लगाउनुभएको छ। सामान्य व्यावसायिक प्रबर्धनको लागी आफ्नै व्यावसाय परिषरमा राखिएको समान्य सुचना पाटीको समेत कर लिने नितिका कारण यवसायिहरु दोहारो करको पेलाइमा परेको समेत उहाको भनाई थियो । पोखरा उद्योग बाणिज्य सघंका वरिष्ठ उपाध्यक्ष पवन कुमार प्रजापतिले कोबिडका कारण बिस्थापति भएका व्यवसायीहरुलाई पुनःस्थापित गर्नको लागी सरकारले व्यवस्थीत र विश्वासिलो निति लिन अनुरोध गर्नुभयो । कार्यक्रममा एसइइ र प्लस टुमा उत्कृष्ट नतिजा ल्याउन सफल व्यबसायीका ३ जना छोराछोरीहरुलाई सम्मान गरीएको थियो । साथै कार्यक्रममा वरिष्ठ तथा उत्कृष्ट भाडा व्यावसायी



पुरुषेतम श्रेष्ठलाई सम्मान गरीएको थियो । सस्थाले सामाजिक उतरदायित्व अर्न्तगत पोखरा वडा नं १२ स्थित सरस्वती आधारभुत विद्यालयका १५३ जना विद्यार्थीलाइ शैक्षिक तथा खेलकुद सामग्रीहरु बितरण गरेको थियो । विश्वव्यापी काबिडकका कारण अस्तव्यस्त रहेको व्यावसाय र व्यावसायीलाई आबश्यकता अनुसार कोबिड खोप र अन्य प्रर्बधनात्मक कार्यक्रम सघंले काम गरेको समेत सघंका अध्यक्ष नरेन्द्र प्रसाद आचार्यले जानकारी दिनुभयो । उहाका अनुसार पोखरा क्षेत्रमा आजिवन सदस्य ७६ जना र साधारण सदस्य १ सय ५ जना रहेका छन । सघंको साधारण सदस्यको लागी १५ सय र अजिबन सदस्यका लागी रु १० हजार तोकेको समेत कार्यक्रममा जानकारी दिइयो । सघंले एक बर्षमा बिभिन्न गतीबिधिका लागी ४ लाख ७६ हजार रुपैया खर्च गरेको छ भने क्यालेन्डर प्रकाशन सदस्यता शुल्क र अन्य सहयोग बाट ६ लाख ५० हजार आम्दानी गरेको सघंका कोषाध्यक्ष ओकुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रममा सस्थापक अध्यक्ष तथा तथा वडा नं ३ का वडाध्यक्ष रबिन्द्र बहादुर प्रजु, एल पी ग्यासका सञ्चालक बालकृष्ण कोइराला, प्लास्टिक व्याबसायी सघंका अध्यक्ष रामगौतम लगायतका व्यक्तीहरु बोलेका थिए । भने कार्यक्रम सञ्चालन सस्थाका सचिव लक्ष्मी प्रसाद अधिकारीले गरेका थिए।

# योग विज्ञान शिविर तथा अन्तरक्रियात्मक कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा ५ चैत**

पातञ्जल योग समिति, नेपाल गण्डकी प्रदेशको आयोजनामा चैत्र ४ र ५ गते पोखरामा राष्ट्रिय कार्यशाला गोष्ठी, योग विज्ञान शिविर तथा समग्र स्वास्थ्य र स्वपहिचानको सान्दर्भिकताः पातञ्जल योगको सार्थकता बिषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । चैत्र ४ गतेका दिन पातञ्जल योग समितिको पञ्चवर्षीय रणनीतिक योजना प्रस्तुती सहित केन्द्रीय कार्यसमितिको बैठक राष्ट्रिय अध्यक्ष बालमुकुन्द सुवाल ज्यूको अध्यक्षतामा भएको थियो भने सञ्चालक केन्द्रीय महासचिव नवराज काफ्ले गर्नुभएको थियो।

चैत्र ५ गतेको पहिलो कार्यक्रम योग विज्ञान शिविर डा. हरिप्रसाद पोखेलको प्रमुख आतिथ्यता र दोश्रो अन्तरक्रियात्मक कार्यक्रम गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त कार्यक्रममा पातञ्जल योग समितिको केन्द्रीय कार्यसमितिका सातै प्रदेशका अध्यक्ष तथा प्रतिनिधिहरु, पातञ्जल योग समिति गण्डकी प्रदेशका पदाधिकारी सदस्यहरु र कास्की



जिल्ला शाखा र पोखरा नगर समितिका पदाधिकारी सदस्यहरु र कास्की भित्रका सवै योग केन्द्रका योग साधकहरुको सहभागीता उक्त कार्यक्रममा प्रमुख वक्ताको रुपमा प्रकृति चिकित्सा तथा योग विज्ञ डा. हरिप्रसाद पोखेल, योग आध्यात्म तथा कृषि विज्ञ डा. चन्द्रमणि खनाल डा. क्षितिज बराकोटीले प्रस्तुती गर्नुभएको थियो भने पातञ्जल योग समितिको संस्थागत गतिविधि उद्देश्य, लक्ष्य र दुरदृष्टिको बारेमा पातञ्जल योग समितिका संस्थापक अध्यक्ष सुर्दशन सुवेदी र वर्तमान अध्यक्ष वालमुकुन्द सुवालबाट प्रस्तुती भएको थियो।

पातञ्जल योग समिति नेपालको पवित्र उद्देश्य र उद्देश्य प्राप्त गर्न भावी दिनमा यसले गर्ने कार्यहरुबारे गण्डकी प्रदेशका सम्पूर्ण निकायहरुलाई जानकारी पुगोस् र योगको माध्यमबाट सम्पूर्णलाई स्वस्थ राख्न सकियोस भन्ने उद्देश्यका साथ विभिन्न संघसंस्था एवं विशेष व्यक्तित्वहरुको सहभागीतामा आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्री विन्दु कुमार थापाले योगको माध्यमबाट आम नागरिकको स्वास्थ्य स्थितिमा सुधार गर्न पातञ्जल योग समितिले काम गर्ने विश्वास व्यक्त गर्नुभएको भने योग तथा प्रकृति विज्ञ डा. हरि प्रसाद पोखेल योग एक स्वास्थ्य जीवन पद्धतिको आधार हो भन्दै फास्ट फुड फास्ट डेथ र शरिर चलाउने र मन स्थिर राख्नु स्वस्थ्यताको आधार हो भन्नु भयो । अन्तरक्रियात्मक कार्यक्रममा सहभागीहरु तथा अतिथिहरुबाट उठेका प्रश्नहरुमा राष्ट्रिय सवालहरुमा डा. हरिप्रसाद पोखेल, डा. चन्द्रमणि खनाल र डा। क्षितिज बराकोटीले प्रष्ट पार्नुभएको थियो । संस्थागत सवालहरुमा राष्ट्रिय अध्यक्ष बालमुकुण्द सुवाल, संस्थापक अध्यक्ष सुर्दशन सुवेदीहरुबाट प्रष्ट पारिएको थियो भने त्यसै गरी गण्डकी प्रदेशको सवालहरुमा गण्डकी प्रदेश सल्लाहकार लक्ष्मण कोइरालाज्यूले प्रष्ट पार्नुभएको थियो।

अन्तमा पातञ्जल गण्डकी प्रदेशका अध्यक्ष रश्मी भण्डारी ज्यूबाट कार्यक्रमलाई भव्यरुपमा सम्पन्न गर्न उपस्थित प्रमुख अतिथि, विशेष अतिथिहरु अतिथिहरु, उपस्थित सम्पूर्ण महानुभावहरु साथै कार्यक्रम सफल बनाउन विभिन्न जिम्मा लिएर अहोरात्र खटिनुहुने गण्डकी प्रदेश कार्यसमिति उपाध्यक्ष रमा श्रेष्ठ, कोषाध्यक्ष सुरेश श्रेष्ठ, सदस्य विश्व प्रधान, नवराज शर्मा पौडेल, जिल्ला अध्यक्ष सीता पौडेल, सचिव, टोल प्रसाद, सदस्य संगीता पराजुली, लगायत केन्द्रका सदस्य प्रमिला पालिखे, शम्भु कालु, देवि भण्डारी, सुनिता गुरुङ ज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो।

# माछापुच्छ्रे र सांग्रिलाको जित

**पोखरापत्र संवाददाता**
**पोखरा ५ चैत**

कास्की क्रिकेट क्लबमाथि १ विकेटको रोमाञ्चक जित हात पार्दै सांग्रिला क्रिकेट क्लबले शनिबारीय टी-२० क्रिकेट लिगमा तेस्रो जितसँगै फाईनल प्रतिस्पर्धाको लागि सम्भावना जोगाई राखेको छ । शनिबार पोखरा रंगशालामा भएको प्रतिस्पर्धामा कास्की क्रिकेट क्लबले दिएको १११ रनको चुनौतिलाई सांग्रिलाले १९ ओभर खेल्दै ९ विकेटको क्षतिमा पुरा गर्‍यो ।

टस जितेर व्याटिङ गरेको कास्कीले कप्तान विष्णुप्रसाद शर्माले अविजित ३७ योगदानमा ११० रनको योगफल तयार पार्‍यो । शमाले २७ बल खेल्दै २ चौका र २ छक्का प्रहार गरे । रोहित चन्दले ३७ बलमा २३ रनको योगदान दिए । अन्य व्याटरको योगदान खासै देखिएन् । बलिङ तर्फ सुदिप पौडेल र राजु तामाङ्ले समान २/२ विकेट लिए।

१११ रनको चुनौति पछ्याएको सांग्रिला क्रिकेट क्लबले सुदिप पौडेलको३० रनको महत्वपूर्ण



योगदानमा रोमाञ्चक जितको हकदार बन्यो । कप्तान विपिन खत्रीले पनि अविजित २२ रनको पारी खेल्दै जितसम्म डोहोर्‍याए । उनले १२ बल खेल्दै १ चौका र ६ छक्का प्रहार गरे । प्लेयर अफ दि म्याच सुदिप पौडेलले २४ बल खेल्दै ३० रन बनाउने क्रममा २ चौका र १ छक्का प्रहार गरेका थिए। अरुण अधिकारीले मध्यक्रममा २७ रनको योगदान दिएपनि जितको आशा पलाएको थियो । बलिङ तर्फ विश्वास पराजुली ३ विकेट लिए । विष्णुप्रसाद शर्मा र आयुष सैजुले २/२ विकेट लिए। यसैगरी अर्को खेलमा माछापुच्छ्रे क्रिकेट क्लबले अरण्यज्योति क्रिके क्लबलाई ६९ रनले पराजित गरेको छ। टस जितेर अरण्यज्योतिले क्षेत्ररक्षण रोजेपछि कप्तान दिपेश खत्रीको अर्धशतकीय पारीमा १२८ रनको योगफल तयार पारेको थियो। ४६ बल खेल्दै ६ चौका र २ छक्का प्रहार गर्दै ५१ रनको योगदान दिए। मनोज कोइरालाले २१ रन बनाउने क्रममा ३१ बल खेल्दै २ चौका प्रहार गरे। त्यस्तै अभिषेक थापा र अभिषेक यादवले समान १६/१६ बनाए।

बलिङ तर्फ विधान श्रेष्ठले ३ विकेट लिए। १२९ रनको चुनौति पछ्याएको अरण्यज्योति क्रिकेट क्लबले मोहम्मद खालिदको १७ र विधान श्रेष्ठको १२ रन बाहेक अन्य व्याटरले दोहोरो अंकको रन बनाउन चुक्दा केवल ५९ रनमै समेटियो।

बलिङ तर्फ प्लेयर अफ दि म्याच प्रविन ढकालले ४ विकेट लिए । कास्की जिल्ला क्रिकेट संघको आयोजनामा र वाईनकिङको मुख्य प्रायोजनमा सञ्चालित वाईनकिङ टी-२० कास्की जिल्ला क्लबस्तरीय च्याम्पियसिपको आगामी १२ गते शनिबार दुई खेल खेलाईने छ।

# नेयुरेस भद्रकालीका विद्यार्थी वात्स्यान



**पोखरापत्र संवाददाता**
**पोखरा ५ चैत**

नेपाल युवा रेडक्रस सर्कल भद्रकाली माविले शनिवार पोखरा -१४ स्थित वात्स्यान वृद्धाश्रम आश्रममा खाद्यान्न सामाग्री वितरण गरेको छ।

भद्रकाली माविमा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरुले शैक्षिक भ्रमण गरी बचेको पैसा र गयल पछि उठेको रकमवाट बचेको पैसा वाट संकलन पैसा शनिवार वृद्धाश्रममा प्रदान गरिएको हो । कार्यक्रममा वृद्धाश्रमको तर्फवाट सिता वाग्लेले घरमा अफ्ना अभिभावकहरुलाइ अपहेलना गर्नाले आश्रममा आइपुग्ने वताए । आफ्ना बाबा आमालाइ मात्र नभै दुःख पाउने हरेक बाबा आमालाइ माया गर्नु पर्ने वाग्लेले वताइन् ।

नेयुरेस भद्रकाली माविकी अध्यक्ष सुनिता गोतामेले स्कुलका विद्यार्थीहरुलाइ आश्रममा भेटघाट गराउने एक प्रकारको मानवीय शिक्षा भएको भनिन् ।


## डढेलोबाट बचौ र बचाऔ ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सरकारको कुटनीतिक असफलता

उत्तरी छिमेकी देश चीनका विदेशमन्त्री वाङ यीले चैत दोस्रो साता नेपाल भ्रमणमा आउदैछन । काङ्ग्रेस नेतृत्वमा गठबन्धन सरकार बनेपछि चीनबाट उच्च तहका नेताको नेपाल भ्रमण हुँदैछ। गठबन्धन सरकारले उत्तरी छिमेकी देश चीनमा राजदूत खाली राखेको छ। एमाले नेतृत्वको सरकारले पठाएका राजदूतलाई फिर्ता बोलाए पछि लामो समयसम्म राजदूत खाली राखेर सम्बन्ध सुधार गर्न सकेको छैन। नेपालले चीन, भारत र अमेरिकामा मन्त्री सरहको राजदूत पठाउने गरेको थियो। ती देशमा परराष्ट्रका सिनियर सहसचिव राजदूत पछिको पदमा पठाउने गरिएको थियो। केपी शर्मा ओली प्रधानमन्त्री हुँदा परराष्ट्र सम्बन्ध विगारेको आरोप लगाउने गठबन्धन सरकारले उच्चस्तरीय भ्रमणका बेला राजदूत खाली राखिनु, अर्कोतिर कर्मचारीमध्ये पनि कनिष्ट सहसचिवलाई बेइजिङजस्तो महत्वपूर्ण राजदूतावासमा राखिँदा कस्तो सन्देश जान्छ भन्ने सोचेको देखिदैन।

नेपालमा हुने यस्ता उच्चस्तरीय भ्रमणका बेला राजदूत तहकै प्रतिनिधित्व भए उनले त्यहाँ प्रभावकारी ढंगले नेपालको सरोकार राख्न सक्ने थिए। जस्तो कि, चिनियाँ विदेशमन्त्रीको भ्रमणअघि नेपालस्थित चिनियाँ राजदूत होउ यान्छी निकै सक्रिय देखिन्छिन्। बेइजिङमा नेपालको राजदूत भएको भए उनले नेपालले चीनसँग भ्रमणअघि उठाउनुपर्ने एजेन्डा चिनियाँ विदेश मन्त्रालय समक्ष सोझै राख्न सक्ने थिए। तर, 'कार्यवाहक राजदूत' तहका अधिकारीले राजदूतले जत्तिको प्रभावकारी ढंगले आफ्नो मुलुकको कुरा राख्ने स्थिति नरहन सक्छ।

बेइजिङमा नेपालको राजदूत पद रिक्त रहेकाले काठमाडौंस्थित चिनियाँ राजदूतमार्फत् नै नेपाल सरकारले चिनियाँ पक्षसँग भ्रमणका एजेन्डाबारे छलफल गरिरहेको छ। यसले गर्दा बेइजिङस्थित नेपाली नियोग झण्डै निष्क्रिय जस्तै अवस्थामा छ। राजदूतको जिम्मेवारी अर्को मुलुकमा बसेर आफ्नो मुलुकको हितबारे पैरवी गर्नु हो। राजदूतलाई द्विपक्षीय सम्बन्ध अघि बढाउने आधारभूत सेतुका रुपमा लिइन्छ। तर, नेपालले आफ्ना विषय काठमाडौंस्थित चिनियाँ राजदूतावासबाट अघि बढाउँदा बेइजिङस्थित नेपाली राजदूतावासको महत्व र भूमिका नेपाल आफैँले घटाउन पुगेको छ। चीन जस्तो महत्वपूर्ण मुलुकमा समेत राजदूत रिक्त राख्नुले सरकार बाह्य सम्बन्धमा असंवदेनशील रहेको सन्देश गएको कुटनीतिक क्षेत्रले टिप्पणी गर्ने गरेको छ।

'एउटा छिमेकी भारतसहित अमेरिका र बेलायतमा राजदूत नियुक्त गर्ने तर अर्को महत्वपूर्ण छिमेकमा राजदूत नियुक्त नगरी महिनौं राख्दा चीनसँगको सम्बन्धको सन्दर्भमा हामी कति हदसम्म असंवेदनशील छौं भन्ने देखाउँछ।' चीनसँगका केही महत्वपूर्ण विषय सल्ट्याउन राजदूत तहकै अधिकारीको आवश्यकता छ। चीनतर्फका नाकाबाट आयात निर्यात सहज हुन नसकेको, नेपाली विद्यार्थी चीनमा अध्ययनका लागि फर्किन नपाएको, 'बेल्ट एन्ड रोड' अवधारणा अन्तर्गतका परियोजना छनोट हुन नसकेको तथा पारवहन सम्झौता बमोजिम पाउनुपर्ने सुविधा पाउन नसकेको अवस्थामा चिनियाँ पक्षलाई निरन्तर घच्घच्याउन राजदूत तहकै अधिकारी प्रभावकारी हुन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# गाउँपालिकाको प्रशासकीय भवन निर्माण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ चैत**

तनहुँको ऋषिङ गाउँपालिकाको प्रशासकीय भवन निर्माण भएको छ। आफ्नै भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले सो भवन निर्माण गरिएको हो । विसं २०७६ असोज १६ गतेदेखि भवन निर्माणको काम सुरु भएको थियो।

तत्कालीन गाउँ विकास समितिको पुरानो भवनबाट सेवा प्रवाह हुँदै आएकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछि नयाँ भवन निर्माण थालिएको थियो । साँघुरो भवनबाट सेवा प्रवाहमा असहज भएपछि नयाँ भवन निर्माण गरिएको गाउँपालिकाका प्रवक्ता विजयकुमार दरैले जानकारी दिनुभयो । "नयाँ भवन निर्माण भएपछि अब सहज रूपमा जनतालाई सेवा प्रवाह गर्न सजिलो हुनेछ," उहाँले भन्नुभयो । रु तीन करोड ६१ लाखको लागतमा साभवन निर्माण भएको हो।

यही चैत १० गते प्रधानमन्त्री शेरवहादुर देउवाको प्रमुख आतित्थ्यमा भवन उद्घाटन गर्ने तयारी गरिएको छ । गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले प्रधानमन्त्री सहभागी हुने कार्यक्रमलाई भव्य र सभ्य बनाउने गरी तयारी थालिएको जानकारी दिनुभयो।

# इन्जिनियरिङ अध्ययन संस्थानको ११ औं ग्राजुयट कन्फरेन्स पश्चिमाञ्चल क्याम्पसमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ चैत**

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत स्नातक तथा स्नात्तकोत्तर तथा पि.एच.डि.तहमा अध्ययनरत विद्यार्थीहरुले अन्तिम वर्षको अनुसन्धानात्मक सोधपत्र तथा अनुसन्धानात्मक लेखहरु प्रस्तुत गर्दै संस्थानको ११ औं ग्राजुयट कन्फरेन्स पोखरामा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले कार्यक्रमको उद्घाटन गर्दै देशको अग्रविकासमा शिक्षाको महत्व र गण्डकी प्रदेशको समग्र विकासको प्रारुप तथा अवधारणा प्रस्तुत गर्नु हुदै सो को कार्यान्वयनका लागि प्राविधिक पक्ष तथा सरकारी संयन्त्रले आपसमा समन्वय गरी अगाडी वढनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । कार्यक्रमको कि नोट स्पीकरका रुपमा राष्ट्रिय योजनाका पूर्व सदस्य प्रा.डा. विनायक प्रसाद भद्राले नविकरणीय र हरित उर्जाको विस्तार तथा प्रयोजनद्धारा वातावरणीय संरक्षण र दिगो आर्थिक विकासमा पुऱ्याउन सकिने योगदानहरुका वारेमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा पेश भएका अनुसन्धानात्मक लेख तथा सोध पत्रहरु मध्ये ३८ वटा कार्यपत्रहरु छनौट भएको र ति सोध पत्रहरु वन्द कलस्टरमा प्रस्तुत भई विषय विज्ञहरुद्धारा




सुपरीवेक्षण तथा विश्लेषण गरिएको थियो। विभिन्न आठ वटा कल्स्टरहरुमा समानान्तर सेसनका रुपमा कार्यपत्रहरुको प्रस्तुति पश्चात उक्त कन्फरेन्सको समापन समारोहमा सभापतिको आसनवाट इ.अ.स.का डिन प्रा.डा. शशिधरराम जोशीले कार्यक्रमको सफलताका निम्ती आयोजक तथा प्राविधिक समिति र पश्चिमाञ्चल क्याम्पसलाई धन्यवाद व्यक्त गर्नु भएको थियो।

आयोजक समितिका संयोजक प्रा.डा. संगिता सिंहले कन्फरेन्सको उपयोगिता र व्यवस्थापन पक्ष माथि प्रकाश पार्नु भएको थियो। पश्चिमाञ्चल क्याम्पसका क्याम्पस प्रमुख निर्मल प्रसाद बरालले कन्फरेन्समा प्रस्तुत कार्यपत्र र सोधपत्रहरुले देशको बहुपक्षिय प्राविधिक उन्नयन र अध्ययन अनुसन्धानका लागि विशिष्ठ योगदान पुऱ्याउन सक्ने विचार ब्यक्त गर्नु भएको थियो।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. शिवलाल भुषालले इन्जिनियरिङ्ग अध्ययन संस्थानद्धारा आयोजित कन्फरेन्स तथा नवप्रर्वदनात्मक कार्यक्रमहरु मार्फत देशको प्राविधिक तथा सर्वतोमुखी विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिने वताउनु भयो।

कार्यक्रममा इन्जिनियरिङ्ग अध्ययन संस्थानका सहायक डिनहरु प्रा.डा. शुशिल बहादुर बज्राचार्य र प्रा.डा. चिन्तमाणी पोखरेल तथा आंगीक क्याम्पसका क्याम्पस प्रमुखहरु, पश्चिमाञ्चल क्याम्पसका सहायक क्याम्पस प्रमुखहरु विभागिय प्रमुखहरु, स्नातकोत्तर तहका कार्यक्रम संयोजकहरु, शाखा प्रमुखहरु तथा स्नातक स्नातकोत्तर तहका विद्यार्थीहरुको सहभागिता रहेको थियो । कन्फरेन्सको उद्घाटन सत्रमा नर्वेजियन विश्वविद्याल (एन टि एन यु ) का प्रा.डा. पिटर गारिस्टले कार्यपत्र प्रस्तुत गर्नु हुदै भविष्यका लागि शुनिस्चीत गर्नु पर्ने नीतिगत योजनाको वारेमा प्रकाश पार्नु भएको थियो।

यसै गरि सहभागीका तर्फबाट पश्चिमाञ्चल क्याम्पस स्नातकोत्तर तहका विद्यार्थी मनिषा वराल र अमेरीकी अनुसन्धान कर्ता जोन फ्रिवर्गले कन्फरेन्सद्धारा प्राप्त नवप्रर्वदनात्मक ज्ञानलाई वैज्ञानिक प्रयोग तथा प्रकाशनद्धारा व्यवहारमा परिणत गरिनुपर्ने वताउनु भयो । पश्चिमाञ्चल क्याम्पसका सह-प्राध्यापक तथा अन्तरिक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्रका निर्देशक डा. कृष्णप्रसाद भण्डारीले संचालन गर्नु भएको उक्त कन्फरेन्सद्धारा अनुमौदित परियोजनाहरु मार्फत वैज्ञानिक अध्ययन अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासील हुने वताउँदै कन्फरेन्सको आगामी संस्करण थापाथली क्याम्पस काठमाण्डौमा आयोजना हुने पश्चिमाञ्चल क्याम्पसका सूचना अधिकारी खेम बहादुर पुलामीले वताउनु भयो। इ.अ.स. डिनको कार्यालय पुल्चोक तथा पश्चिमाञ्चल क्याम्पस पोखराद्धारा संयुक्त रुपमा आयोजित सो कार्यक्रमको इ.अ.स.का डिन प्रा.डा. शशिधरराम जोशीले अध्यक्षता गर्दै इन्जिनियरिङ्ग अध्ययन संस्थानद्धारा प्रतिपादन गरिएका नवप्रर्वदनात्मक शैक्षिक तथा अनुसन्धान मुलक क्रियाकलापको वारेमा प्रकास पार्नु भएको थियो।

# विद्यालयमा डेढ लाखको अक्षय कोष स्थापना

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ चैत**

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटस्थित सरस्वती आधारभूत विद्यालयमा बेल्जियममा रहेका म्याग्देलीले रु डेढ लाखको अक्षय कोष स्थापना गरेका छन्।

विपन्न बालबालिकाले अध्ययन गर्ने विद्यालयमा मोना बेल्जियमले शुक्रबार प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानामार्फत अक्षयकोषका लागि विद्यालयमा रु डेढ लाख सहयोग हस्तान्तरण गरेको हो। म्याग्दीको परोपकारी संस्था ओमकुमारी शान्ति कोषको संयोजनमा आयोजित कार्यक्रममा प्रजिअ ढकालले समुदायको सक्रियताले नै विद्यालय बन्ने बताउनुभयो । ओमकुमारी शान्ति कोषका अध्यक्ष राजेश शाक्यले कोषमार्फत विपन्नको उपचारबाहेक विभिन्न सामाजिक एवम् मानवीय सेवामा समेत साथ र सहयोग रहेको बताउनुभयो। सोही अवसरमा १० हजारको स्टेशनरी सामग्रीसमेत हस्तान्तरण गरिएको थियो। यसअघि सोही विद्यालयमा पत्रकार ध्रुवसागर शर्माले आफ्नी स्व. छोरी विनिता शर्माको स्मृतिमा रु एक लाखको विनिता शर्मा स्मृति अक्षयकोष स्थापना गर्नुभएको थियो । सहयोग हस्तान्तरण कार्यक्रममा आर्थिक सङ्कलन अभियानका संयोजक कृष्ण थापालगायत स्थानीयवासीको उपस्थिति थियो। संस्थामार्फत यसअगाडि पाउद्वार माविमा समेत स्व. होमप्रसाद तिलिजाको स्मृतिमा एक लाख ५० हजारको कोष स्थापना गरेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्रबहादुर रिजाल, प्रधानाध्यापक छेमप्रसाद पुनलाई स्वागत र सञ्चालन शिक्षिका घनदेवी घर्तीले सञ्चालन गर्नुभएको थियो। २०४२ सालमा स्थापना भएको यस विद्यालयमा हाल कक्षा ७ सम्म पढाइ हुँदै आएको छ भने १०२ जना विद्यार्थी अध्ययनरत छन्।

# बृहत् योग शिविर सुरु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ चैत**

पताञ्जलि योग समिति काठमाडौंको सहकार्यमा आँबुखैरेनी गाउँपालिकाले बृहत् योग शिविरको आयोजना गरेको छ।

गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापा र उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले शनिबार संयुक्त रूपमा सो शिविरको उद्घाटन गर्नुभयो । सो अवसरमा अध्यक्ष थापाले योग मानव जीवनका लागि अपरिहार्य भएको बताउनुभयो । मानिसको शारीरिक एवं मानसिक तनावमुक्त गर्न योग अति आवश्यक रहेकाले यो दैनिक रूपमा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । 'गरौं योग, रहौं निरोग' भन्ने मूल नाराका आयोजित पाँच दिने सो शिविरमा पाँच सय जनाको सहभागिता रहेको गाउँपालिकाको कार्यालयले जनाएको छ । मानिसहरूमा योग जागरण ल्याउने र मानसिक तथा शारीरिक तनावलाई छुट्कारा दिलाउनका लागि योग शिविर आयोजना गरिएको योग विज्ञान शिविर व्यवस्थापन समिति पताञ्जलि योग आँबुखैरेनी तनहुँका अध्यक्ष पम्फा श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "योगबाट कुनै मानिसको समस्या छिट्टै निको पनि भइहाल्छ, कुनैको केही समय लाग्न सक्छन् तर प्रभावकारी हुन्छ।"

# चौरमा पठनपाठन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ चैत**

धवलागिरि गाउँपालिका-२ स्थित लुलाङ आधारभूत विद्यालयलाई चौरमा पठनपाठन गराउनुपर्ने बाध्यता छ।

भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने जिल्लाको सबैभन्दा ठूलो दलित बस्ती लुलाङमा रहेको विद्यालय भवन भत्किएको र जीर्ण बनेका कारण खुला चौरमा पठनपाठन गराइएको हो । विद्यालयका प्रअ नागेन्द्र ठाकुरले दुईकोठे भवन भत्किएको र चारकोठे अर्को भवन जीर्ण बनेकाले पठनपाठनमा समस्या भएको बताउनुभयो । "गत असोजमा कक्षा ६ र ७ को भवनको पर्खाल भत्किएको थियो", उहाँले भन्नुभयो, "कार्यालय र दुई कक्षाकोठा भएको अर्को भवनको पर्खाल पनि बाङ्गिएकाले जोखिम बढेपछि खुला चौरमा पठनपाठन गराउनुपरेको हो ।" भिरालो पाखो सम्याएर फरकफरक ठाउँमा बनाइएको विद्यालयको भवन र खेलमैदान संरक्षणका लागि निर्माण भएको ग्याबियन पर्खाल पनि भत्किएको छ। भत्कने अवस्थाको जीर्ण भवनमा जोखिम, चौरमा धुलो र गर्मीले सताउने गरेको कक्षा ७ की विद्यार्थी प्रतिक्षा रसाइलीले बताउनुभयो । "चर्किएर बाङ्गिएको भवनको पर्खाल कुनबेला भत्किन्छ भन्ने डर छ", उहाँले भन्नुभयो, "भवनको जोखिमयुक्त अवस्थाले शैक्षिक वातावरणमा असर पुगेको छ, वर्षात् हुँदा पठनपाठन बन्द गर्नुपर्ने अवस्था छ।" विद्यार्थीका झोला, पुस्तक, कापी भिज्ने गर्छ। कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयमा २३५ विद्यार्थी छन् । यो आधारभूत तहमध्ये गाउँपालिकामा सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या भएको विद्यालय हो। गत वर्ष तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको सहयोगमा दुईकोठे ट्रस र खानेपानी तथा सरसफाइसहितको छात्रामैत्री शौचालय निर्माण गरिएको थियो। यसबाहेक अन्य चारमध्ये दुई भवन जीर्ण छन्। नयाँ भवन निर्माणका लागि गाउँपालिका, शिक्षा विकास तथा समन्वय एकाइलगायत निकायमा प्रस्ताव गरिएको प्रअ ठाकुरले बताउनुभयो।

सो विद्यालयको ६-८ तह निजी स्रोतबाट सञ्चालन गरिएको छ । प्रवासबाट आउने लाहुरेलाई स्वागत, विवाह, किरिया, छेवार, गुन्युचोली देखाउने जस्ता संस्कारगत कार्यमा नाचगानका साथै चन्दाबाट निजी स्रोतका शिक्षकको तलब भत्ता जुटाइने गरिएको छ। लुलाङका वडाध्यक्ष गमप्रसाद विकले विद्यालय भवन निर्माणका लागि पहल गर्ने बताउनुभयो । "नयाँ भवन निर्माणको आवश्यकता छ", उहाँले भन्नुभयो, "गाउँपालिकामार्फत भवनको समस्या समाधानका लागि पहल गरेको छु।"

# निसीखोला पालिका आलु र मकै पकेट क्षेत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ चैत**

बागलुङको निसीखोला गाउँपालिकालाई आलु र मकैको पकेट क्षेत्र घोषणा गरिएको छ । गाउँपालिकाको माथिल्लो उच्च क्षेत्रलाई आलु र तल्लो क्षेत्रलाई मकैको पकेट क्षेत्र घोषणा गरेको हो । वडा नं २ आलु र मकै तथा वडा नं ५, ६ र ७ लाई आलुको पकेट क्षेत्र बनाएको कृषि शाखा प्रमुख ताराबहादुर परियारले जानकारी दिनुभयो।

गाउँपालिकाले गत वर्ष सात वटै वडामा विभिन्न फलफूल तथा खाद्यबाली पकेट क्षेत्र घोषणा गरेकामा यस वर्ष चार वडालाई आलु तथा मकैको पकेट क्षेत्र घोषणा गरिएको उहाँको भनाइ थियो। शाखा प्रमुख परियारले पकेट क्षेत्रमा उपभोक्ता समिति निर्माण गरी सम्झौतासमेत भइसकेकाले अब काम अगाडि बढ्ने बताउनुभयो। वडा नं ५ र ६ आलु उत्पादनका लागि अत्यन्तै उर्वर भूमि मानिन्छ । यहाँका वडावासीले वर्षौंदेखि आलु उत्पादन गरी यसैबाट जीविकोपार्जनसमेत गर्दै आइरहेका छन् । निसेलढोर स्याउ र आलु उत्पादनका लागि बढी उर्वर भएपनि गाउँपालिकाले त्यहाँ कृषिका लागि बजेटको व्यवस्था गर्न नसकेको स्थानीयवासीले बताए । ढोरपाटन सिकार आरक्षसमेत पर्ने निसेलढोरमा हरेक वर्ष स्थानीयवासीले लाखौंका स्याउ, आलु र सिमी उत्पादन गर्दै आएका छन्। त्यस क्षेत्रमा उत्पादन बढाउन गाउँपालिकाको ध्यान पुगेको थिएन । गाउँपालिकाले कृषिका लागि यस वर्ष रु ४० लाख बजेट विनियोजन गरेको उल्लेख गर्दै शाखाप्रमुख परियारले यसबाट कृषकलाई उन्नत जातका बीउबिजन वितरण र माटो शिविर सञ्चालन गरिने बताउनुभयो । गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले कृषकलाई समय-समयमा कृषि परामर्श तथा तालिमसमेत दिँदै आएको र अब केही अनुदानका कार्यक्रम पनि सञ्चालन गरिने जानकारी दिनुभयो । यहाँका कृषकले अझै पनि परम्परागत खेती प्रणाली अपनाउँदै आएकाले अब आधुनिक प्रविधिको प्रयोग गर्न गाउँपालिकाले जोड दिँदै आएको जनाइएको छ।

# राम बजार नेवाः मिशा पुचः को अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

नेपालीहरूको महान पर्व फागु पूर्णिमाको अवसर पारेर नेवाः मिशा पुचः राम बजारले चौथो साधारण सभा, दोस्रो अधिवेशन र वनभोज कार्यक्रमको आयोजना गरि साधारण सभा सम्पन्न गरेको छ।

साधारण सभा तथा अधिवेशन कार्यक्रममा कास्की नेवाः मिशा पुचः का अध्यक्ष एवं प्रमुख अतिथि मेनुका श्रेष्ठ को प्रमुख अतिथिमा पानसमा दिप प्रज्जलन र राष्ट्रिय बिभुती शंखधर सख्याको तस्विरमा माल्यार्पण गरि कार्यक्रमको उद्घाटन गर्नुहुदै राम बजार क्षेत्रका महिलाहरूलाई समेटि नेवारी संस्कार र संस्कृतिलाई संरक्षणका साथै एक आपसमा शुख दुःखमा आपसी सहयोगात्मक भावना जागरण गराउने उद्देश्यका साथ स्थापना गरि कास्की जिल्लाको ४४ वटा मिशा पुच मध्य ब्यबस्थित त उत्कृष्ट रहेको मिशा पुचको नामले चिनिने रामबजार नेवाः मिशा पुचः भएको बताउनु हुदै जहिले जहाज नि सहयोग र सहभागि



हुदै सदस्यहरूको मनोबल उच्च राख्न सफल भएको बताउनुहुदै राम बजारको तायाःमचाःनाचको समेत प्रसंशा गर्नुहुदै राजाको चौतरा लेखनाथमा समेत रामबजार तायाः मचाः नाचका गुरुहरूले तायाः मचाः नाचको प्रशिक्षण दिनुभई राजाको चौतारामा तायाः मचाः नाचको शुरुवात गरिएको बताउनु हुदै साधारण सभा अधिवेशन र बनभोज कार्यक्रम सफलताको शुभकामना दिनुहुँदै नब निर्बाचन पदाधिकारीहरूलाई बधाई दिनुभयो। राम बजार नेवाः मिशा पुचः को चौथो साधारण सभा तथा तेस्रो अधिवेशन कार्यक्रम मा सचिवको प्रतिवेदन सचिव शर्मिलाप्रधानाङ्ग श्रेष्ठरकोषाध्यक्ष को प्रतिवेदन कोषाध्यक्ष कल्पना राजभण्डारीले प्रस्तुत गरिएको प्रतिवेदन माथि छलफल गरि सर्बत सम्मत पास गरिएको उक्त कार्यक्रममा पूर्व राम बजार निवासी हाल अमेरिका निवासी भीमसेन श्रेष्ठले मिशा पुचलाई १० हजार रूपैया सहयोग हस्तान्तर गर्नु भएको कार्यक्रममा रामबजार नेवाः मिशा पुचः को तेस्रो अधिवेशन कार्यक्रममा रामबजार नेवा मिशा पुचः का सल्लाहाकार सम्मर बहादुर श्रेष्ठ को संयोजक, सस्थापक अध्यक्ष समिता रंजीत, सल्लाहाकार चमेली रंजीत र सल्लाहाकार शान्ति तझ्या सदस्य रहेको निर्वाचन मण्डलले २ बर्षे कार्यकालको लागी अम्बिका राजभण्डारीको अध्यक्षतामा १३ सदस्य रहेको समिति गठन गरियो उक्त समितिको उपाध्यक्ष सर्मिला प्रधानाङ्ग श्रेष्ठ, सचिब बिमला ध्वजू, सह-सचिव कल्पना राज भण्डारी, कोषाध्यक्ष लक्ष्मी राजभण्डारी र सदस्यहरूमा निर्मला श्रेष्ठ, सुस्मा श्रेष्ठ, रेशम श्रेष्ठ, ध्रुव श्रेष्ठ, सुनिता श्रेष्ठ, गायत्री श्रेष्ठ, रत्न श्रेष्ठ र पबित्रा श्रेष्ठ निर्विरोध निर्वाचित भएको निर्बाचन समिति संयोजक सम्मर बहादुर श्रेष्ठले घोषणा गर्नुहुदै निर्विरोध निर्वाचित सबैलाई सपथ गराउनु भएको कार्यक्रममा निर्बाचित सबैलाई माला र टीकाले स्वागत गरिएको थियो।

उक्त कार्यक्रममा मिशा पुच का सल्लाहाकार सम्मर बहादुर श्रेष्ठ, सस्थापक अध्यक्ष समिता रंजीत र समाजसेवी भीमसेन श्रेष्ठले आ-आफ्नो बिचार राख्नुहुदै नेवारी संस्कार संरक्षण गराउन नेवा समुदायहरू एकजुटभै लाग्नुपर्ने कुरामा जोड दिनुपर्ने बताउनुभयो।

उक्त साधारण सभा तथा अधिवेशन कार्यक्रममा नेवा मिशा पुचका सदस्य एवं कार्यक्रम संयोजक ध्रुव श्रेष्ठले स्वागत गर्दै कार्यक्रमका बिषयमा जानकारी गराउनुभएको कार्यक्रममा राम बजार नेवा मिशा पुचका अध्यक्ष माया रंजीतको सभापतित्वमा सम्पन्न कार्यक्रम नेवाः मिशा पुचः का सचिव शर्मिला प्रधानाङ्ग श्रेष्ठले संचालन गरेको थियो।

# कालिका पब्लिकको अध्यक्षमा आचार्य

पोखरापत्र संवाददाता
पोखरा ५ चैत

पोखराको रामवजारमा अवस्थित कालिका पब्लिक कलेजले आफ्नो पहिलो सिनेट साधारण सभा सम्पन्न गरेको छ। ६४ सालमा स्थापित कलेजको पहिलो सिनेट अध्यक्षको रुपमा गिता आचार्य निर्विरोध चयन हुनुभएको छ।

एक सय १ सय ६६ जना सिनेट सभासद रहेको कलेजको साधारण सभाले सदस्यहरूमा पुर्णचन्द्र न्यौपाने, सुरेश कुमार ध्वजु, निर्मला कार्की भण्डारी, राम बहादुर थापा र कुमार थिङ निर्विरोध निर्वाचित गरेको छ।

सभाको सम्बोधन गर्ने गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले शिक्षा सबैको पहुँचमा पुऱ्याउन पब्लिक कलेजहरुको ठुलो महत्व रहेने धारणा व्यक्त



गर्नुभयो। उहाले शिक्षालाई व्यवहारिक र जिवन उपयोगी वनाउन आवस्यक रहेको धारणा पनि राख्नुभयो। कार्यक्रममा संघीय साम्सद खगराज अधिकारीले शिक्षा क्षेत्रमा हुने कुनै पनि राजनीतको विरोध गर्नुभयो। उहाँले शिक्षाको विषयमा आम मानिसको धारणामा सकारात्मक परिवर्तन आवस्यक रहेको समेत जानकारी दिनुभयो।

यस्तै सामाजिक विकास तथा शिक्षा मन्त्री मेखलाल श्रेष्ठले शिक्षाका लागि प्रदेश सरकार सँधै सकारात्मक रहेको भन्दै जनअपेक्षा पुरा हुने गरी काम गर्न अनुरोध गर्नुभयो। उहाँले शिक्षा समाज परिवर्तनको मुल आधार भएको शैक्षिक क्षेत्रमा हुने राजनीति वन्द गर्नुपर्नेमा पनि उहाको जोड थियो। साथै केन्द्र सरकारले संघीयताको मर्म अनुरुप काम गनरेको पनि उहाको भनाई थियो।

# बेष्ट फाइनान्सको २५ औं बार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ चैत

बेष्ट फाइनान्स कम्पनी लिमिटेडको २५औं बार्षिक साधारण सभा चैत्र ४ गते शूक्रवार सम्पन्न भएको छ। संस्थाका संचालक समितिका अध्यक्ष खिमलाल पौडेलको सभापतित्वमा नेपाल प्रज्ञा प्रतिष्ठान,कमलादी,काठमाडौंमा सभा सम्पन्न भएको हो।

सभाले आ.ब.२०७७ र २०७८ को संचालक समितिको प्रतिवेदन तथा बार्षिक वित्तीय विवरण पारित गरेको छ। साथै आ.ब.२०७८ र २०७९ का लागि लेखापरिक्षकको नियूक्तीको प्रस्ताव समेत पारित गरेको छ। सभामा शेयरधनी महानुभावहरुले राखेका प्रश्न एवं जिज्ञासाहरुको जवाफ संस्थाका अध्यक्ष खिमलाल पौडेलले दिएका थिए। संस्थाको भावी योजना सम्बन्धमा प्रमूख कार्यकारी अधिकृत उमेशसिंह भण्डारीले प्रकाश पारेका थिए।

कार्यक्रममा संस्थाका मूख्य लगानीकर्ता, एनआरएनका सचिव राजेन्द्र कुमार शर्मा, एशिया प्याशिफिक क्षेत्रका संयोजक रोविन्द प्रसाद श्रेष्ठ(गोविन्द)ले बोलेका थिए। कार्यक्रम संस्थाका कम्पनी सचिव राजसून्दर श्रेष्ठले संचालन गरेका थिए। आर्थिक तथा पर्यटकीय नगरी चितवनको नारायणगढ, सहिदचोकमा १५औं शाखा विस्तार गरेको यस फाइनान्सले निकट भविष्यमा बाग्लुङको गलकोट, प्रदेश नं. २ को विरगंज तथा प्रदेश नं. १ को इटहरी सहित अन्य जिल्लाहरुमा शाखा कार्यालय खोल्ने योजना रहेको बताइएको छ। वेष्ट फाईनान्स कम्पनी लिमिटेडले पछिल्लो बर्षमा उल्लेख्य वित्तिय विवरण सुधार गर्दै आफ्नो ग्राहकवर्गलाई उच्चतम प्रविधिका साथ सेवा उपलब्ध गराउँदै आएको छ। घरमै बसि अनलाईन मार्फत सहज तथा सरल तवरले खाता संचालनको नंया सुविधा समेत संस्थाले हालसालै संचालनमा ल्याएको प्रमूख कार्यकारी अधिकृत उमेशसिंह भण्डारीले बताएका छन।

# विद्यालय, खानेपानी र सडकका संरचना बनाउँदै बेरोजगार

पोखरापत्र संवाददाता
बागलुङ, ५ चैत

बागलुङको तमानखोला गाउँपालिका-१ बोङ्गादोभानकी सुशीला कामी दिनभर गाउँपालिकाले खटाएको ठाउँमा काम गर्नुहुन्छ।

न्यून आय भएको परिवार धान्न धौधौ भएकी सुशीलाले काम पाएपछि अहिले परिवार पाल्न सजिलो भएको छ। उहाँले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँमै काम पाउनुभएको छ। दिनभरि काम गरेपछि साँझ उहाँले नेपाल सरकारले तोकेको पारिश्रमिक पाउनुहुन्छ। महिनामा एकैपटक आउने भए पनि सुशीलाले दिनदिनै गर्ने कमाइका आधारमा खर्च गर्न र उधारो चलाउन सहज भएको छ। कहिले विद्यालयको खेल मैदान निर्माण त कहिले गोरेटो बाटो निर्माणका काममा खटिने सुशीला र उहाँका साथी पहिराले क्षति पुऱ्याएका सरकारी संरचनामा फलामे तारजाली लगाउने, खानेपानीको पाइपका लागि लाइन खन्ने काम पनि गर्नुहुन्छ। एकतर्फ सामाजिक काम गर्न पाएकामा उहाँहरु दङ्ग हुनुहुन्छ भने अर्कोतर्फ गाउँमा ज्याला मजदुरी गर्दाभन्दा धेरै पारिश्रमिक पाउनुहुन्छ। तमानखोलागाउँपालिकालेविद्यालयमा खेलमैदान, पर्खाल लगाउने, गोरेटोबाटो बनाउने, खानेपानीका संरचना बनाउने र चौतारी, पोखरीको संरक्षणलगायत काममा प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागीलाई लगाउने गरेको छ। तमानखोला-२ कटेरी गाउँमा रहेको जनज्योति आधारभूत विद्यालयको खेलमैदान बनिरहेको छ। खेलमैदान निर्माणका लागि विद्यालयले जग्गा मात्रै देखाइदिएको हो। बाँकी काम प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागीले गरिरहेका छन्। यो त एउटा उदाहरण मात्रै हो। गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट यस्तै कैयौँ काम गरेको छ। "हामीले मजदुर आवश्यक हुने ठाउँमा रोजगार कार्यक्रममा सहभागीलाई लगाउने गरेका छौँ", गाउँपालिकाका रोजगार संयोजक चेतलाल चालिसेले भन्नुभयो, "रोजगारीमा सहभागी निकै खुसीका साथ काम गरिरहेका छन्।"

सो गाउँपालिकामा ६६८ बेरोजगारको सूचीमा सूचीकृत छन्। त्यसमध्ये ४०० जनाले यस वर्ष पनि काम गरिरहेका छन्। असी बेरोजगारलाई १०० दिनका दरले काम लगाउने गरी नेपाल सरकारले दिएको शःसर्त अनुदानमा गाउँपालिकाले ४०० जनालाई काम लगाइरहेको चालिसेले बताउनुभयो।"बेरोजगारको सूचीमा रहेकामध्ये अधिकांशको अवस्था उस्तै छ, सरकारले बनाएको मापदण्डमा ४०० जना नै पर्छन्", उहाँले भन्नुभयो, "सबैलाई सहभागी बनाउँदा ६०/७० दिनका दरले काम पाउँछन्, छ महिना खान नपुग्ने सबैलाई काम पाउँदा घर चलाउन सहज हुन्छ।" कार्यक्रममा सहभागीले दिनको रु ५७७ का दरले पारिश्रमिक पाउँछन्। यो पारिश्रमिक तमानका गाउँमा ज्याला मजदुरी गर्दा पाउने पारिश्रमिकभन्दा धेरै हो। जिल्लामा कायम भएको दर रु ८०५ छ तर प्रधानमन्त्री रोजगार कार्यक्रमले तय गरेको दररेटअनुसार पारिश्रमिक दिने गरिएको उहाँले बताउनुभयो। "गाउँमा महिला र पुरुषमा पारिश्रमिक फरकफरक छ तर कार्यक्रममा सबैको समान पारिश्रमिक हुन्छ", चालिसेले भन्नुभयो, "समान कामका लागि समान ज्याला कायम गराउन कार्यक्रम प्रभावकारी बन्दैछ।" गाउँपालिकामा तीनै तहको सरकारको नजर नपुग्ने क्षेत्रमा रोजगार कार्यक्रमले सहयोग गरेको छ।

# नेपालले र्‍याफ्टिङमा ओलम्पिक पदक जित्ने आकलन

रासस
काठमाडौं, ५ चैत

युवा तथा खेलकुद मन्त्रालयले नेपालले अन्तर ष्ट्रिय प्रतियोगितामा पदक जित्ने सम्भावना आकलन गरी साहसिक खेल अर्थात् र्‍याफ्टिङको विकास र विस्तार गर्ने सोच अघि सारेको छ।

साहसिक जलयात्रामा नेपाली खेलाडी (गाइड)मा अनुभव पोख्त र प्रतिस्पर्धी क्षमता बलियो देखेपछि आगामी अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिताका लागि मन्त्रालय नीतिगत व्यवस्थाको तयारीमा लागेको हो। युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले आगामी एसियन र ओलम्पिकमा र्‍याफ्टिङमा पदक जित्न नेपालको सहभागिता प्रभावकारी हुनसक्ने आकलन गरिएको प्रतिक्रिया दिनुभयो। नेपालको भौगोलिक अवस्थितिका कारण पहाडबाट दक्षिणतर्फ बग्ने अधिकांश नदीमा पर्यटनसँगै खेलकुदलाई जोड्न र प्रयोग गर्नसक्ने प्रशस्त सम्भावना छ। त्रिशूली, भोटेकोसी, सुनकोसी, कालीगण्डकी, मस्याङ्दी, बूढीगण्डकी, कर्णाली र पश्चिम सेती साहसिक जलयात्राका लागि विश्वमै कहलिएका नदी हुन्।

नेपालका छ हजारभन्दा बढी नदीनाला रहेकामा त्यसमध्ये दोस्रो स्तरका सहायक नदीमा पनि र्‍याफ्टिङ प्रतियोगिता सजिलै सञ्चालन गर्न सकिन्छ। नेपालका नदीमा सन् १९६० देखि सुरु भए पनि सन् १९९० को दशकमा नेपाल भित्रनेमध्ये २० प्रतिशतसम्म पर्यटक जलयात्रामा निस्कने गरेको तथ्याङ्क छ।

नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सीद्वारा गत फागुन अन्तिम साता त्रिशूलीमा भएको र्‍याफ्टिङमा युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराज र सचिव रेग्मी सहभागी भएसँगै साहसिक जलयात्रालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने विषयले पुनःचर्चामा पाएको हो।

सचिव रेग्मी भन्नुहुन्छ, "त्रिशूलीमा भएको र्‍याफ्टिङमा सहभागी भएसँगै हामीमा स्वामित्व ग्रहण भएको छ, आयोजक र खेलाडीमा ठूलो उत्साह देखियो, विभागीय टिममात्र होइन, व्यक्तिगत खेलाडीमा पनि प्रतिस्पर्धा गर्ने क्षमता उच्च छ, पर्यटक र साहसिक खेलकुदलाई सँगै अघि लैजानुपर्छ, यस विधामा नेपालको पदक जित्ने सम्भावना अधिक छ।"

नेपालका र्‍याफ्टिङ प्रशिक्षक (गाइड)ले दक्षिण एसियामा मात्र नभई युरोप र अमेरिकामा समेत अनुभवी तथा साहसिकको परिचय बनाएका छन्। नेपालमा हाल र्‍याफ्टिङसँग सम्बन्धित संस्था ८२ को हाराहारीमा छन् भने गाइडको सङ्ख्या करिब ६०० रहेको अनुमान छ। नदीको बहाव उत्तरबाट दक्षिणतर्फ भएका कारण नेपालमा र्‍याफ्टिङ प्रतियोगिताको सम्भावना व्यापक छ। साहसिक खेलका रुपमा र्‍याफ्टिङ र कायकिङलाई अब राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतियोगितामा समावेश गरिने बताउँदै सचिव रेग्मीले खेलनीति र वार्षिक कार्यक्रममा यस्ता खेलका लागि बजेट विनियोजन गर्ने तथा खेल एवं खेलाडीको क्षमता विकास गर्न प्रदेश र स्थानीय तहलाई आग्रहसमेत गरिने जानकारी दिनुभयो।

# रेडक्रसले एम्बुलेन्स खरिद गर्ने

पोखरापत्र संवाददाता
दमौली, ५ चैत

तनहुँको घिरिङ गाउँपालिकास्थित रेडक्रस सोसाइटी भगवतीपुर उपशाखाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने भएको छ। ग्रामीण भेगका सर्वसाधारणलाई सेवा दिने उद्देश्यसहित उपशाखाले एम्बुलेन्स सञ्चालन गर्न लागेको हो।

उपशाखाले एम्बुलेन्स खरिदका लागिस्थापना गरेको कोषमा रु ४० लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा हालसम्म रु एक लाख २१ हजार ३१६ सङ्कलन भएको सभापति मीनबहादुर कार्कीले जानकारी दिनुभयो। उपशाखाका पदाधिकारीबाट उक्त रकम सङ्कलन भएको उहाँले बताउनुभयो। "यस भेगमा एम्बुलेन्स नहुँदा सर्वसाधारणले सास्ती बेहोर्दै आएका छन्, बिरामी भएका बखत स्वास्थ्य संस्थासम्म जान निजी सवारी साधनमा महङ्गो शुल्क तिर्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो। एम्बुलेन्स खरिदका लागि गाउँपालिकासँग पनि आर्थिक सहयोग माग गरिएको छ। गाउँपालिकाका अध्यक्ष रनबहादुर रानालाई भेटी रु १० लाख उपलब्ध गराउन आग्रह गरिएको सभापति कार्कीले बताउनुभयो। उपशाखाले कोषाध्यक्ष हेमबहादुर थापाको संयोजकत्वमा रकम सङ्कलनका लागि समिति गठन गरेको छ। "सेवाको क्षेत्र वृद्धि गरी आजीवन सदस्य थप गर्न र रकम सङ्कलन अभियानलाई पनि तीव्रता दिएका छौँ," उहाँले भन्नुभयो। रेडक्रसका विभिन्न उपशाखाले एम्बुलेन्स सञ्चालन गर्न थालेका छन्। यसअघि व्यास नगरपालिका-१० दुम्सीकोट उपशाखाले पनि जनस्तरबाट रकम सङ्कलन गरी एम्बुलेन्स सञ्चालनमा ल्याइसकेको छ। विसं २०७७ भदौ १९ गतेदेखि थालिएको अभियानमार्फत रु २९ लाख १४ हजार २१९ सङ्कलन भएकामा रु १३ लाखको लागतमा एम्बुलेन्स खरिद गरिएको दुम्सी उपशाखाका सभापति रामदत्त पौडेलले जानकारी दिनुभयो।

# 'ढोरपाटनलाई समृद्धिसँग जोड्नुपर्छ'

पोखरापत्र संवाददाता
बागलुङ, ५ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ढोरपाटनलाई प्रदेशको समृद्धिसँग जोड्नुपर्ने बताउनुभएको छ।

शुक्रबार बाग्लुङका विभिन्न कार्यक्रममा सहभागी हुँदै उहाँले नेपालको एकमात्र सिकार आरक्षका रुपमा रहेको ढोरपाटन स्वदेश मात्रै नभएर विदेशमा पनि चासो र चर्चा पाएको स्थल भएकाले यसलाई प्रदेशको समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो। ढोरपाटनसहित यस आसपासका क्षेत्रमा पूर्वाधार निर्माणसँगै सर्वसाधारणको अपेक्षाअनुरुप विकासका गतिविधि अघि बढाउन सरकार प्रतिबद्ध भएको जनाउँदै मुख्यमन्त्री पोखरेलले प्राथमिकताअनुसार योजना तय गर्न आग्रह गर्नुभयो। संरक्षणसँगै आयआर्जनमा जोड दिनु आवश्यक भएको उल्लेख गर्दै उहाँले विद्यमान कानुनी अड्चनलाई अन्त्य गर्नेतर्फ सरकार गम्भीर भएको उल्लेख गर्नुभयो। सरकारले वन ऐन ल्याउने तयारी गरेको उहाँले जानकारी दिनुभयो।

ढोरपाटन सिकार आरक्ष कार्यालयमा उक्त आरक्षबाट भइरहेका कामबारे मुख्यमन्त्रीलेजानकारीलिनुभएको थियो। मुख्यमन्त्रीसहितको टोलीलाई ढोरपाटन सिकार आरक्षकार्यालयकातर्फबाटप्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले जानकारी गराउनुभएको थियो। त्यस्तै ढोरपाटनमा आयोजितकार्यक्रममामुख्यमन्त्री पोखरेलले स्थानीय समृद्धि र विकासका लागि एकताबद्ध भएर जानु सकारात्मक भएको बताउनुभयो।


## नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/०६

कम्पनी ऐन, २०६३ बमोजित स्थापना भएको प्रा.लि. नं. २८१६४४/०७८/०७९ को साविक बि. एन. बि. लेजर क्लिनिक प्रा. लि. को नाम थप भई अब उपरान्त बि.एन.बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बि. एन बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि.**
**पोखरा म.न.पा.-९, कास्की, नेपाल**